# ■ एसपीएमएल इन्फ्रालाई सर्वश्रेष्ठ वाटर म्यानेजमेन्ट पुरस्कार

**सिलगढ़ी, २६ अगस्तः** एसपीएमएल इन्फ्रा लिमिटेडले वर्षको सबैभन्दा उत्कृष्ट वाटर म्यानेजमेन्ट कम्पनीको पुरस्कार सीआइए वर्ल्ड इन्फ्रा पुरस्कार–२०१७को रूपमा प्राप्त गरेको जानकारी पाइएको छ। यो पुरस्कार तृप्ति प्रकाश सावन्त, वान्द्र ईष्ट विधानसभा क्षेत्र, मुम्बईले इन्फ्रा कम्पनीको इन्नोभेटिभ प्रोजेक्टको निम्ति प्रदान गरेको छ। यो कम्पनीले प्रयोग गरेका नयाँ टेक्नोलोजी अनि यसको व्यवसाय पर्यावरणको दृष्टिमा राम्रो रहेको बताइएको छ। यो पुरस्कार प्रतिष्ठित जुरी मेम्बर्सका समूहले सयभन्दा धेरै नोमिनेटेडहरूमध्ये इन्फ्रालाई चुनेको जानकारी कम्पनीको पक्षमा जारी विज्ञप्तिमार्फत् प्राप्त भएको छ।